का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ भदौ २०७९,
शुक्रबार
9 September 2022,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक २१६ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

नागरिकता विधेयक

# परामर्शमा राष्ट्रपति भण्डारी

नागरिकता विधेयक प्रमाणीकरणको विषयमा राष्ट्रपति भण्डारी विज्ञ तथा विभिन्न सरोकारवालाहरुसँगपरामर्श लिइरहेकी छन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

राष्ट्रपति विद्यादेवी भण्डारीले नागरिकता विधेयक केन्द्रित परामर्शमा छिन् । प्रमाणीकरणका लागि आफुकहाँ आएको नागरिकता विधेयकका सन्दर्भमा राष्ट्रपति भण्डारीले सरोकारवाला पक्ष, राजनीतिक दलका नेताहरुसँग परामर्श लिइरहेकी हुन् । पुनर्बिचारका लागि राष्ट्रपतिले फिर्ता पठाए पनि संघीय संसदले हुबहु पास गरेर प्रमाणीकरणका लागि पुनः पठाएको हो ।

भेटमा सहभागी प्रतिनिधिहरुका अनुसार आफूले दिएको सुझाव प्रतिनिधिसभाले नमानेको गुनासो राष्ट्रपति भण्डारीको छ । बिहीबार मात्रै पनि जनता समाजवादी पार्टी नेपाल (जसपा) का नेताहरुसँग राष्ट्रपति भण्डारीले राष्ट्रपति भवन शीतल निवासमा नागरिकता विधेयकलगायत अन्य समसामयिक विषयमा छलफल गरेकी छन् । बिहीबारको छलफलमा पनि राष्ट्रपति भण्डारीले नागरिकता जस्तो संवेदनशील विषयमा आफूले पुनर्बिचारका लागि सुझाव पठाएको तर त्यसलाई पन्छाएर जस्ताको त्यस्तै विधेयक पारित गरेको गुनासो गरेको नेताहरुले बताएका छन् ।

भेटमा सहभागी जसपाका नेताहरुका अनुसार नागरिकता जस्तो संवेदनशिल विषयमा संसद तथा पार्टीहरुले हतार गर्न नहुनेमा हतार गरेको राष्ट्रपति भण्डारीको बुझाई रहेको छ । साथसाथै नागरिकता विधेयक प्रमाणीकरणको विषयमा आफूले विज्ञ तथा विभिन्न सरोकारवालाहरुसँग छलफल गरिरहेको स्वमं राष्ट्रपति भण्डारीले बताएकी छन् । साथसाथै, केही दिनमै नागरिकता विधेयकको बारेमा कुनै एउटा निष्कर्षमा पुग्ने उनको भनाई रहेको छ ।

जसपाका कार्यकारिणी सदस्य रामसहाय यादवका अनुसार राष्ट्रपतिसमक्ष जसपाका नेताहरुले नागरिकताको समस्या एउटा कुनै समुदाय तथा क्षेत्र विशेषको मात्र नभएको बताएका छन् । नागरिकताको समस्या समाधान नहुँदा देशकै थुप्रै युवा अनागरिक भएको धारणा आफुहरुले राखेको पनि उनले जानकारी दिए ।

'नागरिकता नहुँदा पढाई लेखाइदेखि लिएर रोजगारलगायत अन्य धेरै कुरामा असर परेको हुनाले त्यस विधेयकलाई प्रमाणीकरण गरी नागरिकता प्राप्तिलाई सहज बनाइदिन आग्रह गरेका छौं' यादवले भने ।



२० भदौ २०७९ मा सभामुख अग्नि प्रसाद सापकोटाले नागरिकता ऐन संशोधन गर्न बनेको विधेयक प्रमाणित गरेर प्रमाणीकरणका लागि राष्ट्रपति कार्यालयमा पठाएका थिए । १५ बुँदे सन्देशसहित फिर्ता गरेको नागरिकता विधेयक प्रतिनिधि सभा र राष्ट्रिय सभा दुवैबाट हुबहु पारित भएर सभामुख सापकोटाले प्रमाणित गरेपछि विधेयक प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुगेको हो ।

पहिलो पटक प्रमाणीकरणका लागि पुगेकोमा राष्ट्रपति विद्यादेवी भण्डारीले २९ साउनमा पुनर्विचारका लागि नागरिकता विधेयक फिर्ता गरेकी थिइन् । त्यसपछि फेरि प्रतिनिधिसभा र राष्ट्रिय सभाबाट विधेयक हुबहु पारित भएर पुनः प्रमाणीकरणका लागि राष्ट्रपतिकहाँ पुगेको हो ।

संविधानको धारा ११३ मा विधेयक प्रमाणीकरण सम्बन्धी व्यवस्था छ । संविधानको धारा ११३ उपधारा (४) मा भनिएको छ, 'राष्ट्रपतिले कुनै विधेयक सन्देशसहित फिर्ता गरेमा त्यस्तो विधेयकमाथि दुवै सदनले

– बाँकी पृष्ठ २ मा



राष्ट्रपतिले संविधान बमोजिम एक पटक विधेयकलाई संसदमा फिर्ता पठाउनुभएको हो । फिर्ता आएर पनि दुबै सभाले पारित गरेको हुनाले राष्ट्रपतिले प्रमाणीकरण गर्नुहुनेछ भन्ने विश्वास छ ।

**बालकृष्ण खाँण**
गृहमन्त्री

सर्पको टोकाईबाट बचौं र बचाऔं ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- घाइतेलाई सर्पले टोकेको ठाउँमा मिलेसम्म मुटुको सतहभन्दा तल पारी नसुताई सवारी साधनमा बसाएर लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# जनगणनाको नतिजा चार तहमा

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २३ भदौ ।


राष्ट्रिय जनगणना-२०७८ को नतिजा चार तहमा आउने भएको छ । केन्द्रीय तथ्यांक विभागका अनुसार चार तहमा नतिजा प्रकाशित हुनेछ । पहिलो, राष्ट्रिय प्रतिवेदन । दोस्रो, प्रदेशगत प्रतिवेदन । तेस्रो, जिल्लागत प्रतिवेदन र चौथो स्थानीय तहगत प्रतिवेदन प्रकाशित हुनेछ ।

जनगणनाको नतिजामा प्रत्येक परिवार संख्या, व्यक्तिको लिंग, उमेर, शिक्षा, पेसा, घरको किसिम, महिलाको स्वामित्वमा रहेको जग्गा, बस्तुभाउ, टेलिफोन, मोबाइल, टीभीलगायत पक्ष राष्ट्रिय तथ्यांक प्रणालीमा समेटिने छ ।

विभागका निर्देशक ढुण्डिराज लामिछानेका अनुसार गत मंसिरमा सम्पन्न जनगणनाको लगत कोडिङ भएर प्रशोधन कार्य जारी छ । नतिजा प्रकाशन कार्य आगामी मंसिर अन्तिम र पुस पहिलो साता सार्वजनिक गरिनेछ ।

विभागका उपमहानिर्देशक डिल्ली जोशीका अनुसार असोजभित्र जनगणनाको लगत प्रशोधन कार्य सकिने र त्यसलगत्तै सरोकारवाला समुदाय, निकायहरूसँग छलफल गरिनेछ । केन्द्रीय तथ्यांक विभागका अनुसार प्रयोगकर्ताको आवश्यकतालाई ध्यानमा राखेर जनगणनाको प्रतिवेदन प्रकाशित गरिनेछ । तथ्यांक ऐनअनुसार निश्चित प्रयोजनका निम्ति सम्बिन्धित निकायको सिफारिसमा सार्वजनिक नहुने गरी प्रयोग गर्न दिन भने सकिन्छ ।

# दशैंको अन्तिम दिन उम्मेदवारी दर्ता



प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्द सूचीमा नाम समावेश भएको व्यक्तिले प्रत्यक्षतर्फ भने उम्मेदवार हुन पाउने छैनन् ।

**शालिग्राम शर्मा पौडेल**
प्रवक्ता, निर्वाचन आयोग

**शिवराज परियार / मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

यस वर्षको दशैंको अन्तिम दिन प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि प्रत्यक्ष तर्फका उम्मेदवारको मनोनयन दर्ता गर्ने कार्यतालिका तय भएको छ ।

बिहीबार निर्वाचन आयोगले आगामी मंसिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि पहिलो हुने निर्वाचित हुने (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम स्वीकृत गरेको छ । जस अनुसार २३ असोजमा उम्मेदवारको मनोनयन दर्ता हुनेछ । यो यस वर्षको दशैंको अन्तिम दिन हो ।

हिन्दू नेपालीको ठूलो पर्व दशैंको टीका १९ असोजमा परेको छ । निर्वाचन आयोगले सार्वजनिक गरेको तालिका अनुसार टीकाको ४ दिनपछि अर्थात कोजाग्रत पूर्णिमाको दिन उम्मेदवारी दर्ता हुनेछ । दशैंको विदापछि २३ गते नै कार्यालय खुल्नेछ ।

आम चुनाव- २०७९

स्वीकृत कार्यक्रमअनुसार आगामी असोज २३ गते उम्मेदवारको मनोनयनपत्र दर्ता र मनोनयनपत्रको सूची प्रकाशन गर्ने, असोज २४ गते उम्मेदवारको विरोधमा उजुरी दिने, असोज २४ देखि २५ गतेसम्म मनोनयनपत्र र उजुरीमाथि जाँचबुझ गरी निर्णय गर्ने तालिका छ ।

यअसोज २५ गते उम्मेदवारको नामावली प्रकाशन गर्ने र असोज २६ गते उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने एवं उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गर्नेगरी तोकिएको छ ।

आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालका अनुसार सबै निर्वाचन कार्यक्रम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सञ्चालन हुनेछन् ।

आगामी प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूचीमा नाम समावेश

– बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

# मलेसियामा तेलीको मृत्युदण्डको सजाय परिवर्तन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ भदौ

मलेसियाको उच्च अदालतले वैदेशिक रोजगारीमा मलेसिया पुगेका धनुषाका सुरजदेव साह तेलीको मृत्युदण्ड सजाय परिवर्तन गरेको छ । कर्तव्य ज्यान अभियोगमा सन् २०१६ डिसेम्बरमा पक्राउ परेका तेलीको मृत्युदण्डको सजाय परिवर्तन गरी मलेसियाको पुत्राजयस्थित उच्च अदालतले १२ वर्षको जेल सजाय कायम गरेको हो ।

मलेसियास्थित नेपाली दूतावासले बिहीबार तेलीको सजाय परिवर्तन भएको जनाएको छ । मलेसियन फौजदारी संहिताको दफा (३०२) बाट दफा (३०४) क मा परिवर्तन गरी उनको सजाय परिवर्तन भएको दूतावासको भनाइ छ । परिवर्तन भएको सजाय अनुसार तेली सन् २०२८ सम्म कैदमा बस्नुपर्ने छ । तेलीलाई मलेसियास्थित इपो उच्च अदालतले सन् २०२० अगष्टमा त्यहाँको फौजदारी संहिताको दफा ३०२ बमोजिम मृत्युदण्डको सजाय तोकेको थियो । उनीमाथि मलेसियन नागरिकको हत्याको अभियोग छ ।

तेली धनुषा गोविन्दपुर २ का स्थायी बासिन्दा हुन् । मलेसियामा रोजगारी गरिरहेका तेली सन् २०१६ मा कर्तव्य ज्यान अभियोगमा पक्राउ परेका थिए । उनले आफू हत्यामा संलग्न नभएको तर शव व्यवस्थापनमा सहभागी रहेको बताउँदै आएका छन् ।

### पूर्वी नवलपरासीमा राहदानीबाट एक वर्षमा पाँच करोड राजस्व संकलन

**कावासोती / रासस–** पूर्वी नवलपरासीमा राहदानीबाट एक वर्षमा पाँच करोड राजस्व संकलन भएको छ । गत आर्थिक वर्ष २०७८/७९ मा जिल्ला प्रशासन कार्यालयले राहदानीबाट रु पाँच करोड एक लाख ३८ हजार राजस्व संकलन गरेको जिल्ला प्रशासन कार्यालय नवलपुरका सूचना अधिकारी एवं सहायक प्रमुख जिल्ला

– बाँकी पृष्ठ २ मा

# देशभर भेटिएनन् सर्वोत्कृष्ट कर्मचारी

हजारौं कर्मचारीमा एक जना पनि सर्वोत्कृष्ट नभेटिदाँ सरकारलाई नै चुनौती थपिएको छ ।



सर्वोत्कृष्ट काम गर्ने कोही पनि नभेटएकाले नै पुरस्कार घोषणा नगरिएको हो, मेरो कार्यकालमा पनि कोही भेटिएको थिएन, पछिल्लो समय कर्मचारीमा कामप्रति भन्दा पनि पैसाप्रतिको मोह मात्रै बढेको छ ।

**लालबावु पण्डित**
पूर्वसामान्य प्रशासनमन्त्री

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २३ भदौ ।

गतवर्षहरुमा जस्तै यो वर्ष पनि सरकारले निजामती दिवसका दिन 'सर्वोत्कृष्ट कर्मचारी'लाई पुरस्कृत गर्ने निर्णय त गर्यो । तर, विगत ८ वर्षमा जस्तै यो वर्षपनि सरकारले 'सर्वोत्कृष्ट कर्मचारी' भेट्न सकेन । ८८ हजार निजामती कर्मचारीबाट एउटा व्यक्ति पनि सर्वोत्कृष्ट छान्न नसक्नु सरकारको लागि पनि चुनौतीको विषय बनेको छ । अघिल्ला वर्षहरुमा जस्तै यो वर्ष १० जनाले १ लाख रुपैयाँको उत्कृष्ट निजामती सेवा पुरस्कार र ३० जनाले ५० हजार रुपैयाँको निजामती सेवा पुरस्कार पाएका छन् ।

निजामती सेवा दिवसको अवसरमा हरेक वर्ष एक जनालाई सर्वोत्कृष्टसहित ४१ जना कर्मचारीलाई पुरस्कृत गर्नुपर्ने प्रावधान छ । तर, प्रावधानअनुसार सरकारले एक जना सर्वोत्कृष्ट कर्मचारी छनोट गर्न नसक्दा ४० जना मात्रै पुरस्कृत हुने भएका हुन् ।

यतिका वर्षसम्म 'सर्वोत्कृष्ट कर्मचारी' नभेटिएपनि राष्ट्रपतिले भने वर्षेनी कर्मचारीलाई विभूषण र खादा लगाउन भने छोडेकी छैनन् । नेपालमा २०६८ सालदेखि सर्वोत्कृष्ट पुरस्कार दिन थालिएको हो । तर हालसम्म पूर्वसचिवद्वय भगवतीप्रसाद काफ्ले र शान्तराज सुवेदी एवं सहसचिवद्वय सूर्य गौतम र भाइकाजी तिवारीले मात्रै उक्त पुरस्कार लिएका छन् ।

'सर्वोत्कृष्ट काम गर्ने कोही पनि नभेटएकाले नै पुरस्कार घोषणा नगरिएको हो, मेरो कार्यकालमा पनि कोही भेटिएको थिएन, पछिल्लो समय कर्मचारीमा कामप्रतिभन्दा पनि पैसाप्रतिको मोह मात्रै बढेको छ', पूर्वसामान्यप्रशासन मन्त्री लालबावु पण्डितले भने । जनहितमा समर्पित कर्मचारी भन्दापनि सेवासुविधा मात्रै खोज्नेको संख्यामा वृद्धि हुँदा यो अवस्था आएको उनको भनाई छ । भन्दा पनि सर्वोत्कृष्ट पुरस्कार पाउन

– बाँकी पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
२४ भदौ २०७९, शुक्रबार
9 September 2022, Friday

# आज इन्द्रजात्रा मनाइँदै



**काठमाडौं/मस-** काठमाडौं उपत्यकामा आज इन्द्रजात्रा पर्व मनाइँदैछ । वर्षा र सहकालका देवता देवराज इन्द्रको पूजा-आरधना गरी इन्द्रजात्रा पर्व मनाउने गरिन्छ ।

प्रत्येक वर्ष भाद्र शुक्ल चतुर्दशीका दिन पर्ने इन्द्रजात्रा उपत्यकाका काठमाडौं, ललितपुर, भक्तपुरका साथै दोलखा र धुलिखेलमा समेत मनाउने गरिन्छ ।

भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका अगाडि धार्मिक विधिपूर्वक इन्द्रध्वजासहितको लिङ्गो ठड्याइएपछि प्रारम्भ हुने यो जात्रा विभिन्न प्रकारका नाचगान, रथयात्रा र देवीदेवताको पूजाआजा गरी आठ दिनसम्म मनाउने प्रचलन छ ।

भाद्र शुक्ल द्वादशीका दिन ठड्याइएको लिङ्गोलाई 'इन्द्रध्वजोत्थान' पनि भनिन्छ । लिङ्गोको फेदमा भैरवको पूजा गरिन्छ ।

इन्द्रजात्राको अवसरमा राष्ट्रपतिबाट हनुमानढोकास्थित गद्दी बैठकमा जीवित देवीका रूपमा रहेका श्री कुमारी, श्री गणेश र श्री भैरवको रथयात्रा अवलोकन गर्ने गर्ने परम्परा छ ।

इन्द्रध्वजाको लिङ्गो ठड्याएपछि शुरु भएको जात्राभरि भक्कुनाच, महाकालीनाच, लाखेनाच, दशअवतार तथा देवराज इन्द्रको वाहन ऐरावत हात्तीको प्रतीकका रूपमा पुलुकिसी नाच नचाउने गरिन्छ ।

इन्द्रजात्राको अवसरमा सरकारले आज काठमाडौं उपत्यकामा सार्वजनिक बिदा दिएको छ ।

# कोरोनाबाट एक जनाको मृत्यु, थप २२७ संक्रमित



**काठमाडौं/मस-** बिहीबार देशभर २ सय २७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । थप एक जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टामा चार हजार चार सय एक जनाको नमूना परीक्षण गरिएको थियो । एक हजार पाँच सय १८ जनाले पिसिआर र दुई हजार आठ सय ८३ जनाको एन्टिजेन विधिबाट परीक्षण गरिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ । गत २४ घण्टामा एक लाख ४३ हजार पाँच सय ९५ जनाले कोभिडविरुद्धको खोप लगाएका छन् । यही अवधिमा एक सय ६८ जना कोरोना सङ्क्रमणमुक्त भएका छन् । यससँगै सङ्क्रमणमुक्त हुनेको सङ्ख्या नौ लाख ८३ हजार नौ सय ४९ पुगेको छ । सङ्क्रमण मुक्त हुने दर ९८ दशमलव छ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।

हाल सक्रिय सङ्क्रमितको संख्या दुई हजार चार सय ७३ रहेको छ । अहिलेसम्म कोरोनाबाट मृत्यु हुनेको संख्या १२ हजार १० पुगेको छ । होम आइसोलेशनमा दुई हजार तीन सय ७०, संस्थागत आइसोलेशन एक सय तीन, सघन उपचार कक्षमा २२ र भेन्टिलेटरमा तीन जना सङ्क्रमित रहेका छन् ।

हाल देशभरमा पाँच सयभन्दा बढी सक्रिय सङ्क्रमित भएका जिल्लामा काठमाडौं र दुई सयभन्दा बढी सङ्क्रमित रहेको जिल्लामा ललितपुर रहेको छ । शून्य सङ्क्रमित रहेका जिल्लामा मनाङ, मुस्ताङ, हुम्ला, डोल्पा, मुग, जुम्ला र बझाङ रहेका छन् । उपत्यकाका तीन जिल्लामध्ये हाल काठमाडौँमा एक हजार ७२, ललितपुरमा चार सय ३५ र भक्तपुरमा ३६ सक्रिय सङ्क्रमित रहेका छन् । कूलमा सङ्क्रमणदर १६ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ ।


# सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम विस्तार गरिँदै

**काठमाडौं/मस-** नेपाल सरकारले आगामी दुई वर्षभित्र ७७ वटै जिल्लामा सामुदायिक मानसिक स्वास्थ्य कार्यक्रम सञ्चालन गर्ने भएको छ ।

हाल ४४ जिल्लामा सञ्चालनमा रहेको सो कार्यक्रम आत्महत्या रोकथाम तथा नियन्त्रणमा प्रभावकारी मानिएको छ । रोकथामका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालनपछि आत्महत्याबाट ज्यान गुमाउनेको संख्या घटेको पाइएको छ ।

विश्व आत्महत्या रोकथाम दिवसको पूर्वसन्ध्यामा बिहीबार आयोजित कार्यक्रममा अघिल्लो आर्थिक वर्षभन्दा गत आर्थिक वर्षमा ४.३५ प्रतिशतले आत्महत्याको दर घटेको पाइएको इपिडिमियोलोजी एवं सरुवा रोग नियन्त्रण महाशाखाका नसर्ने रोग तथा मानसिक स्वास्थ्य शाखा प्रमुख डा फणिन्द्र बरालले बताए ।

उनका अनुसार कार्यक्रमअन्तर्गत मानसिक चिकित्सकले परामर्श तथा उपचार गर्ने र स्वास्थ्यकर्मीलाई मानसिक



स्वास्थ्यसम्बन्धी तालिम दिएर टोलटोलमा आत्महत्या रोकथामका लागि जनचेतना जगाउने कार्य भइरहेको जानकारी दिए ।

आव २०७८/०७९ मा छ हजार आठ सय ३० र आव ०७७/०७८ मा आत्महत्याबाट सात हजार एक सय ४१ जनाको ज्यान गएको थियो ।

स्वास्थ्य सेवा विभागका महानिर्देशक डा दीपेन्द्ररमण सिंहले आत्महत्याको रोकथाम जनचेतनाबाट गर्न सकिने बताए । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.चुमनलाल दासले सबैको सहकार्यबाट आत्महत्या रोकथाम गर्न सकिने बताए ।

उनले हरेक स्थानीय तहमा एक जना मनोपरामर्शदाता र हरेक जिल्लामा एक जना मनोचिकित्सक राख्ने तयारी भइरहेको बताए । मनोचिकित्सक डा.वासुदेव कार्कीले मनोरोगका समस्या भएकासँग खुलेर कुरा गर्नुपर्ने बताए । उनले आत्महत्याको उच्च जोखिममा रहेका वर्गको पहिचान गरी उनीहरुलाई निरन्तर निगरानीमा राख्दै उचित मनोसामाजिक परामर्श सेवा प्रदान गर्नुपर्ने आवश्यकता रहेको बताए ।

दिगो विकासको लक्ष्यमा सरकारले लिएको सन् २०१५ देखि २०३० सम्ममा प्रतिएक लाख जनसंख्यामा आत्महत्याको दरलाई १६.५ बाट घटाई ४.७ मा ल्याउने भनिए तापनि हाल आत्महत्याको दर २३.४ प्रति एक लाख जनसङ्ख्या रहेको पाइन्छ । 'आशा जगाऔं, जीवन बचाऔं,' भन्ने नाराका साथ यही शनिबार (सेटेम्बर १० तारिख) विश्व आत्महत्या रोकथाम दिवस-२०२२ मनाइँदैछ ।

## नागरिकता...

पुनर्विचार गरी त्यस्तो विधेयक प्रस्तुत रूपमा वा संशोधनसहित पारित गरी पुनः पेश गरेमा त्यसरी पेश भएको १५ दिनभित्र राष्ट्रपतिले प्रमाणीकरण गर्नेछ । तर, राष्ट्रपतिले यो विधेयक जस्ताको तस्तै पारित भएको हुनाले आफू निकटका व्यक्तिहरुसँग राय परामर्श लिएकी हुन् । कतिपयले राष्ट्रपतिले नागरिकता विधेयक प्रमणीकरण नगर्न सक्ने भन्ने टिप्पणी गरिरहेका बेला राष्ट्रपतिले आफू निकटका व्यक्तिहरुसँग राय परामर्श लिइरहेकी हुन् । तर, गृहमन्त्री बालकृष्ण खाँण नागरिकता विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्ने विश्वास ब्यक्त गर्छन ।

'राष्ट्रपतिले संविधान बमोजिम एकपटक विधेयकलाई संसदमा फिर्ता पठाउनुभएको हो । फिर्ता आएर पनि दुबै सभाले पारित गरेको हुनाले राष्ट्रपतिले प्रमाणीकरण गर्नुहुनेछ भन्ने विश्वास छ' गृहमन्त्री खाँणले भने । उनका अनुसार संविधानको धारा ११ मा रहेको ब्यवस्थालाई कार्यान्वयन गर्न सरकारले नागरिकता बिधेयक ल्याएको हो ।

## दशैंको...

भएको व्यक्ति प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फको उम्मेदवार हुन पाउने छैनन् ।

निर्वाचन आयोगले समानुपातिक पद्धतितर्फको उम्मेदवारको बन्द सूची बुझाउने समय २ असोजलाई तोकेको छ । आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल अनुसार सबै निर्वाचन कार्यक्रम सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा सञ्चालन हुनेछन् । उनी भन्छन्, 'प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली तर्फको बन्द सूचीमा नाम समावेश भएको व्यक्तिले प्रत्यक्षतर्फ भने उम्मेदवार हुन पाउने छैनन् ।' दशैं र तिहारको बीचमा चुनावको समय परेको छ । यसकारण उम्मेदवारहरुलाई चाडपर्वको अवसरमा चुनाव प्रचार प्रसार गर्न पाउनेछन् ।

## पूर्वी...

अधिकारी खिमराज भुसालले बताए । यो अवधिमा सात हजार चारसय पाँच जनाले साधारण राहदानी र एक हजार चार सय ७६ जनाले विद्युतीय राहदानी बनाएका भुसालले बताए । भुसालका अनुसार आव २०७७/७८ मा र दुई करोड ३४ लाख ३५ हजार, आव ०७६/७७ मा रु दुई करोड ४७ लाख ६७ हजार ५०० र आव २०७५/७६ मा रु तीन करोड ३८ लाख ८७ हजार ५०० राजस्व संकलन भएको हो ।

कोभिड-१९ शुरु भएपछि रोकिएको विदेश भ्रमण पनि अहिले सहजरुपमा सञ्चालन भएकाले पासपोर्ट बनाउन आउनेको संख्या बढेको भुसालले बताए । भुसालका अनुसार राहदानी बनाउन आउनेमा धेरै युवा रहेका छन् । त्यसमा पनि वैदेशिक रोजगारी र उच्च शिक्षाका लागि विदेश जानेबाट राहदानीका लागि धेरै आवेदन आउने गरेको छ ।

## देशभर...

आवश्यक मापदण्डमा निजामती सेवामा १५ वर्ष काम गरेको, पछिल्ला पाँच वर्षको कार्यसम्पादन मूल्यांकनमा शतप्रतिशत अंक प्राप्त गरेको, गयलकट्टीमा नपरेको, सेवाअवधिमा कुनै पनि विभागीय सजाय नपाएको, व्यक्तिगत बेरुजु नभएको र पुरस्कार पाउने वर्ष अध्ययन बिदा नलिएको हुनुपर्ने नियम छ । तर, पछिल्ला दिनहरुमा त्यस्ता कर्मचारीको खडेरी नै परेको छ ।

पूर्व मुख्यसचिव विमल कोइराला ट्रेड युनियनका नाममा दलीय कार्यकर्ता बनाएपछि कर्मचारीहरु 'साँढेतन्त्र'मा परिणत भएको भएको बताउँछन् । राजनीतिकरणकै कारण उत्कृष्ट कर्मचारीको शिला खोज्नुपर्ने अवस्था आएको उनको भनाई छ । तरपनि, कर्मचारीको योग्यता, क्षमता, इमान्दारिता र स्वाभिमानको रक्षा गर्ने भनेर नेतृत्व गरेका दलहरु यसबारे चिन्तित देखिदैंनन् । हजारौं कर्मचारीमा एकजना पनि सर्वोत्कृष्ट नभेटिदाँ सरकारलाई नै चुनौती थपिएको छ । साथै, देश परिवर्तन गर्ने कर्मचारीको अवस्था यस्तो देखिएपछि परिवर्तनको सम्भावना नरहेको विज्ञहरु बताउँछन् ।


## कम्पनीको नाम तथा ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७९/०५/२४**

श्री कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपूरेश्वरको मिति २०७९/०५/२२ को निर्णय अनुसार यस **बिष्ट ब्रदर्श इन्टरनेशनल प्रा.लि. Bista Brothers International Pvt. Ltd.** कम्पनीको नाम परिवर्तन गरी उक्त कम्पनीको ऋण, धन, दायित्व आदि परिवर्तित कम्पनी **श्री यन्त्र इन्टरनेशनल प्रा.लि. Shree Yantra International Pvt. Ltd.** ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने र साबिक ठेगाना का.जि.का.म.न.पा. वडा नं. ९ बाट स्थानान्तरण गरी का.जि.का.म.न.पा. वडा नं. ८ मा स्थापना गर्ने सम्बन्धमा स्वीकृति प्राप्त भएको हुँदा सोही व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**श्री यन्त्र इन्टरनेशनल प्रा.लि. (Shree Yantra International Pvt. Ltd.)**
**दर्ता नं. १५४२१०/०७३/०७४**
**का.म.न.पा. ८, काठमाडौं**



## MALAYSIA मा रोजगार | कम्पनी : ALLIANCE CONTRACT MANUFACTURING SDN.BHD शहरः JALAN

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१८८० LT. No.:271204

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 70 | 0 | स. काममा दक्ष | 1500 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ३१ गते (16 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**PALIV INTERNATIONAL PVT. LTD.**
Aruna Lama Marga, Maharajgunj, Kathmandu, Nepal Tel: 01-4518268, 4518716, 5911470
श्रम इजाजत पत्र नं. ११६४/०७३/०७४
Email: info.Palivinternational@gmail.com, palivinternational74@gmail.com
Mobile: 9801070598, 9803420845, 9820112709, URL: www.palivinternational.com



## Free Visa ! Free Ticket ! Free Recruitment ! (Zero Cost) सहित QATAR मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी : QATAR STAR SERVICE L L C शहरः DOHA
पूर्व स्वीकृत मितिः२०७८/१२/३० चलानी नं.: ६०१७७८९२ LT. No.:261588 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 20 | 0 | स. काममा दक्ष | 1800 | ७२,७६६ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 5 | 0 | | 1000 | ३४,८७० | | | | | | | |

अन्तर्वार्ता सिद्धार्थ होटल, विर्तामोड झापामा २०७९ भदौ ३१ गते (16 Sept. 2022) मा हुनेछ ।
दुर्गा पार्टी प्यालेस, इटहरी, सुनसरीमा २०७९ असोज १ गते (17 Sept. 2022) मा हुनेछ ।
मेनपावरको कार्यालय ललितपुरमा २०७९ असोज २ गते (18 Sept. 2022) मा हुनेछ ।
लक्ष्मी होटेल, तिलोत्तमा, रूपन्देहीमा २०७९ असोज ३ गते (19 Sept. 2022) मा हुनेछ ।
मेनपावरको कार्यालय ललितपुरमा २०७९ असोज ४ गते (20 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने |

## SAUDI मा रोजगार | कम्पनी : SOLID HOME BUILDING CONTRACTING COMPANY शहर : JEDDAH

पूर्व स्वीकृत मितिः २०७९/०५/२३ चलानी नं.: ६०१८ LT. No.: 271559

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1000 | ३४,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ३१ गते (16 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.**
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
शाखा कार्यालयः- विनायक होटल (छेऊ), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
Jhapa: 023- 536663, 9826969623, 9808465610, 9817978774, 9814984440
CREATING VALUE THROUGH PEOPLE



## कतारमा रोजगारको अवसर | १. कम्पनीः Enova Contracting & Trading शहरः DOHA

पुर्व स्वीकृत मितिः २०७८/०८/२१ चलानी नं.: ६०१६९७९४ LT. No.: 253168 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 6 | 0 | स. काममा दक्ष | 1000 | ३४,८७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः ALJAMEEL SHOWROOM शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७८/०९/१६ चलानी नं.: ६०१७७१६५६ LT. No.: 255145 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 3 | 0 | स. काममा दक्ष | 1300 | ४५,३३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Electric | 3 | 0 | | 1200 | ४१,८४४ | | | | | | | |
| 3. | Foreman | 1 | 0 | | 2500 | ८७,१७५ | | | | | | | |
| 4. | Heavy Vehicle Driver | 1 | 0 | | 2200 | ७६,७१४ | | | | | | | |
| 5. | Project Coordinator | 1 | 0 | | 4000 | १३९,४८८० | | | | | | | |
| 6. | Tailor | 2 | 0 | | 1200 | ४१,८४४ | | | | | | | |

३. कम्पनीः C T S CONTRACTING AND TRADING AND SERVICES शहरः DOHA
पुर्व स्वीकृत मितिः २०७९/०५/२३ चलानी नं.: ६०१८७३२१ LT. No.: 271529

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pipe Fitter | 2 | 0 | स. काममा दक्ष | 1200 | ४१,८४४ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | reinforce Fitter | 8 | 0 | | 1200 | ४१,८४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ ३१ गते (16 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोनः ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९
श्रम इजाजत नं. १४६९/०७४/०७५
Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com



## मलेसियामा रोजगार | कम्पनीः ATTRACTIVE VENTURE SDN BHD शहरःPenang

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१९७ LT. No.: 271219

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTORY WORKERS | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः Technology PP Industries (Northern) Sdn Bhd शहरः Kedah
पूर्व स्वीकृत मितिः २०७९/०५/२३ चलानी नं.: ६०१८७२८३ LT. No.: 271402

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 100 | 0 | स. काममा दक्ष | 1500 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनीः Yi-Lai Industry Berhad शहरः Selangor
पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१९९ LT. No.: 271220

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 25 | 0 | स. काममा दक्ष | 1500 | ४२,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ३१ गते (16 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Amity Global Employment Services Pvt. Ltd.**
Amity Global Group
Ranibari Marg,Samakhusi 26,Kathmandu, Tel : 4970366, 4970466
Govt. Lic. No. 467/060/061, Email: recruitment@amityglobalgroup.com



## कतार र साउदीमा रोजगार | १. कम्पनीः SR POWER TRADING AND CONTRACTING शहर : QATAR

पूर्व स्वीकृत मितिः २०७९/०३/०६ चलानी नं.: ६०१८१३७२ L.T. No.: 265424 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plumber | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४५,३३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Labourer | 1 | 0 | | 1200 | ४१,८४४ | | | | | | | |

२. कम्पनीः Durrat Al Naql Company For The Transportation Of Goods,petroleum Products And Contracting शहर :JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/१०/२३ चलानी नं.: ६०१७४०५६ L.T. No.: 257374

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५०,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ३१ गते (16 September 2022) मा हुनेछ ।

३. कम्पनीः BUSHRA FLOWERS TRADING COMPANY शहर : RIYADH
पूर्व स्वीकृत मितिः २०७८/०८/२९ चलानी नं.: ६०१८३६७० L.T. No.: 253906 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 1 | 0 | स. काममा दक्ष | 1500 | ५०,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ २९ गते (14 September 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौ, नेपाल, फोनः ०१-४४८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

आम चुनाव

# नुवाकोटबाट प्रदेशसभा सदस्यमा युवा नेता सञ्जीव गुरुङको चर्चा

**नुवाकोट/मस-** आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि नुवाकोटमा राजनीतिक सर्गर्मी बढेको छ ।

निर्वाचनका लागि विभिन्न दलहरुले आ-आफ्नो तर्फबाट उम्मेदवारहरु सिफारिस गर्ने क्रम जारी छ । यसैक्रममा प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि नुवाकोटमा नेपाली कांग्रेससबाट १२७ उम्मेदवार सिफारिस भएका छन् ।

नुवाकोट क्षेत्र नं १ को प्रदेशसभा 'क'बाट गुरुङ प्रत्यक्षतर्फ खुला प्रदेशसभा सदस्य उम्मेदवारमा सिफारिस भएका हुन् ।

दुई निर्वाचन क्षेत्र रहेको प्रतिनिधिसभातर्फ १४ र चार निर्वाचन क्षेत्र रहेको प्रदेशसभा सदस्यतर्फ एक सय १३ जनालाई (प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणाली समेत) सम्बन्धित कार्यसमिति बैठकले उम्मेदवार सिफारिस गरेको छ ।

निर्वाचन क्षेत्र नं १ बाट प्रत्यक्षमा दुई र समानुपातिकतर्फ छ तथा निर्वाचन क्षेत्र नं २ बाट प्रत्यक्ष र समानुपातिकतर्फ तीन-तीन जना उम्मेदवार सिफारिस भएका छन् ।

नुवाकोट कांग्रेसले युवा वर्गलाई लक्षित गर्दै युवा उम्मेदवारहरु पनि सिफारिस गरेको छ । सिफारिसमा पर्नेमध्ये युवा नेता सञ्जीव गुरुङ पनि छन् । नुवाकोटमा युवा उम्मेदवार सिफारिस भएका गुरुङको नाम यतिबेला चर्चामा छ ।

नेपालको राजनीति वृत्तमा लामो समयदेखि चल्दै आएको पुस्तान्तरणको विषय हालसम्म पूर्णरुपमा सफल हुन नसके पनि यसपालीको निर्वाचनमा राजनीतिक दलहरुले युवाहरुलाई पनि प्राथमिकतामा राखेको पाइन्छ ।



देशभर युवा नेतृत्व चयन गर्नुपर्ने आवाज बुलन्दरुपमा उठ्दै आउँदा नुवाकोटबाट उम्मेदवार सिफारिस भएका युवा नेता गुरुङ एक बलिया उम्मेदवारको रुपमा अगाडि आएका छन् ।

नेता गुरुङ जनताले नै युवा नेतृत्व चाहेका कारण पार्टीले पनि युवा नेताहरुलाई नै प्राथमिकता दिएर चुनावमा होमिनु पर्ने धारणा राख्छन् । उनी भन्छन्, 'जनताको अहिलेको चाहना युवा नेतृत्व हो, त्यसैले पार्टीले पनि युवालाई नै प्राथमिकतामा राखेर चुनावमा जानुपर्छ, युवा नेतालाई अगाडि सार्ने हो भने पार्टीले चुनावमा सोचेभन्दा बढी राम्रो नतिजा ल्याउने छ ।'

जनताको आवाज, शिक्षा, स्वास्थ्य तथा आफ्नो क्षेत्रमा आवश्यक रहेका सम्पूर्ण विकास निर्माणका कार्यलाई प्राथमिकतामा राखेर प्रदेशसभादेखि संघसम्म पुर्‍याउने आफ्नो उद्देश्य रहेको युवा नेता गुरुङको भनाइ छ ।

उनले कांग्रेसलाई जनताको उत्कृष्ट माइलस्टोन बनाउने अभियानमा लाग्ने पनि बताए ।

उनी भन्छन्, 'अब समाज तथा देशमा केही गरेर देखाउने बेला आएको छ, त्यो म गरेर देखाउँछु पनि, कांग्रेसलाई जनताको उत्कृष्ट माइलस्टोन बनाउने अभियानमा पनि लाग्ने छु ।'

नेता गुरुङ आफ्नो क्षेत्रमा राम्रो पकड भएका नेता मानिन्छन् । यसैपनि यसपटक युवाहरुलाई जनताको साथ रहेका कारण पनि प्रदेशसभा सदस्यमा आफू निर्वाचित हुनेमा नेता गुरुङ विश्वस्त छन् । नुवाकोटको शिवपुरी गाउँपालिका वडा नं ४ का गुरुङ हाल नुवाकोट क्षेत्र नं १ तरुण दलका क्षेत्रीय सल्लाहकार हुन् ।

राजनीति सँगसँगै समाजसेवामा पनि सक्रिय रहेका गुरुङ आगामी दिनमा पनि समाजसेवालाई अझै व्यवस्थित ढंगले अगाडि बढाउने बताउँछन् ।

गत स्थानीय निर्वाचनमा नेता गुरुङको गाउँपालिकामा नेपाली कांग्रेसका उम्मेदवार विजयी भएका थिए । शिवपुरी गाउँपालिका अध्यक्षमा कांग्रेसका गोविन्दप्रसाद थपलिया विजयी भएका थिए । यस हिसावमा गुरुङको क्षेत्रमा पार्टीगतरुपमा पनि कांग्रेस नै बलियो देखिन्छ । जसका कारण गुरुङ आफू निर्वाचनमा प्रदेशसभा सदस्य निर्वाचित हुनेमा विश्वस्त छन् ।

यस्तै आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा युवा उम्मेदवारकै पक्षमा आफूहरु उभिने त्यहाँका कयौं स्थानीय बताउँछन् । यता नुवाकोट क्षेत्र नं १ बाट प्रतिनिधिसभाका लागि प्रत्यक्षतर्फ नेपाली कांग्रेसका प्रवक्ता डा प्रकाशशरण महत र केन्द्रीय सदस्य डा. रामशरण महत सिफारिस भएका छन् । कांग्रेसका माथिल्लो क्रमका नेताहरुको क्षेत्र रहेको नुवाकोटमा कांग्रेसकै पक्षमा चुनावी नतिजा आउने सम्भावना बढी देखिन्छ ।

# महानगरले आफ्नै भवनमा डोजर चलायो

**कास्की/मस-** पोखरा महानगरपालिकाले आफ्नो स्वामित्वमा रहेका दुईवटा भवनमा डोजर चलाएको छ । पोखरा-९ महेन्द्रपुलस्थित महानगरका भवन भत्काउन बिहीबार डोजर चलाइएको हो । महानगर प्रमुख धनराज आचार्य, वडानं ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानी सहित नगर प्रहरीसहितको टोलीले भवनका सटर भत्काउन शुरु गरेको हो ।

महेन्द्रपुलबाट रानीपौवा जाने सडकको वारिपारि रहेका सार्वजनिक पुस्तकालय र आर्ट ग्यालरी रहेका दुई तलाका भवन भत्काएर सार्वजनिक उद्यान बनाउने महानगरको योजना छ । महानगरले दिउँसो ट्राफिक जाम हुने भएकाले रातको समयमा भवन भत्काएर खाली गर्ने काम जारी रहने जनाएको छ ।

महानगरका यी दुई दुई भवन ४० वर्षअघि निर्माण गरिएका हुन् । भवनका तला-तलामा ३० सटर महानगरले भाडामा लगाए पनि नियमित भाडा नउठेको र बिचौलियाले फाइदा लिएको महानगरले जनाएको छ । भाडामा लगाइएका सटरलाई हट्न महानगरले सात दिनको दुईपटक र पुनः ३५ दिने सूचना दिएर आग्रह गरेको थियो । सूचनाको म्याद सकिएको भोलिपल्ट डोजर चलाउन शुरु गरिएको हो ।

वडाध्यक्ष मर्सानीले भवनमा व्यापार व्यवसाय गर्दै आएका व्यापारी र अन्य प्रयोजनका लागि बसेका सबैलाई त्यहाँबाट हट्न सार्वजनिक सूचना जारी प्रक्रिया पूरा गरेर भत्काउन शुरु गरिएको बताए । महानगरले भवन हटाएपछि भवनले चर्चेको जमिनमा सार्वजनिक पार्क र सार्वजनिक शौचालय निर्माण गर्ने योजना रहेको उनले सुनाए ।

# धमाधम पक्राउ पर्दै फरार अभियुक्त

**मेलम्ची/मस -** सिन्धुपाल्चोकमा आपराधिक घटनामा संलग्न फरार प्रतिवादी धमाधम पक्राउ पर्न थालेका छन् । पछिल्लो डेढ महिनाभित्र जघन्य आपराधिक मुद्दामा फरारसहित लागुऔषध कारोबारमा संलग्न ८ जनालाई पक्राउ गरी मुद्दा चलाइएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकका सूचना अधिकारी प्रहरी निरीक्षक हरिबोल केसीले जानकारी दिए ।

गत साउनदेखि भदौ २३ गतेसम्ममा सिन्धुपाल्चोकमा आत्महत्या सम्बन्धी ६, सामाजिक अपराधमा ३, महिला तथा बालबालिका सम्बन्धी ३, संगठित तथा आर्थिक अपराध सम्बन्धी १ र ज्यान सम्बन्धी ३ गरी जम्मा १६ वटा मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले जनाएको छ ।

१६ वटा मुद्दा दर्ता भएकोमा ८ जनालाई पक्राउ गरिएको केसीले जानकारी दिए । पक्राउ पर्नेहरुमा कुटपिट अंगभंगमा १, बहुविवाह ३, मानव बेचबिखन तथा ओसारपसार १, सार्वजनिक अपराध १, नकबजनी चोरी १ र बैकिङ कसूरमा १ जना रहेको जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले जनाएको छ । फरार ८ जना अभियुक्तबाट कैद १३ वर्ष ३ महिना २८ दिन र जरिवाना रु ४८ हजार ३५० असुल गरिएको छ ।

ट्राफिक नियम उलंघन तर्फ सिन्धुपाल्चोकमा साउन र भदौमा गरि १ हजार ५६० वटा सवारी चालक कारबाहिमा परेका छन् । जसबाट १४ लाख ६७ हजार ५ सय राजस्व संकलन भएको सूचना अधिकारी केसीले जानकारी दिए ।

यसअवधीमा चोरीका ५ वटा मोटरसाइकल फेला पारी सम्बन्धित धनीलाई बुझाईएको, अवैध घरेलु मदिरा बनाउने कच्चा पदार्थ ९० केजी मर्चा नष्ट गरिएको प्रहरीको विवरणमा उल्लेख छ । त्यस्तै गैह्रकानूनी रुपमा अवैध उत्खनन् तथा दोहन गर्ने ८ वटा सवारीलाई कारबाही गरी ३ लाख ९० हजार राजस्व संकलन गरिएको प्रहरीले जनाएको छ ।

प्राकृतिक रुपमा आफै उम्रेका ४३ कट्ठा जग्गाको ८ हजार ८ सय २५ गाँजाका बोटहरु समेत नष्ट गरिएको उनले बताए । सूचना अधिकारी प्रहरी केसीले कानूनविपरीत हुने अवैध कार्यलाई तदारुकताका साथ रोकी कानूनी कारबाहीको प्रक्रिया अगाडि बढाउने बताए । उनका अनुसार कार्य योजनाअन्तर्गत हरेक नागरिकलाई छिटोछरितो सेवा प्रवाह गर्ने, आपराधिक क्रियाकलाप उपर कानूनी कारबाही गर्ने, खुला सीमानाकाबाट हुने सीमा अपराध चोरी निकासी तथा पैठारी नियन्त्रण, अपराध अनुसन्धानमा उच्चतम प्रविधिको प्रयोग गरी प्रमाणमुखी अनुसन्धानमा जोड दिनेलगायतका कार्ययोजना रहेका छन् । चाडपर्व नजिकिएका कारण चोरी निकासी तथा दुर्घटना बढ्ने भएकाले विशेष निगरानी बढाइएको केसीले जानकारी दिए ।

## QATAR मा रोजगार | कम्पनी : AlFardan Hospitality LLC शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/२२ चलानी नं.: ६०१८७१२५ LT. No.: 271492

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | COFFEE COOK | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1500 | ५२,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | GENERAL CLEAN WORKER | 4 | 0 | | 1500 | ५२,३०५ | | | | | | |
| 3. | HOTEL SERVICE | 0 | 10 | | 1500 | ५२,३०५ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ३१ गते (16 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**G.C.D. WORLDWIDE PVT. LTD.**
Govt. Lic. No.: 519/061/062
Simangal-09, Kathmandu, Nepal
E-mail : worldgcd@gmail.com
Mobile: 9801399971, 9801399972, 9801399973, 9801399974, 9801399975, 9801399976, 9801311390, 9801311391

## डिबिजन वन कार्यालय भेरी, वावियाचौर, सुर्खेतको काठ, दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**राष्ट्रिय दैनिक पत्रिकामा पहिलो पटक प्रकाशित मिति २०७९/०५/२४**

यस डिबिजन वन कार्यालय अन्तर्गत बराहताल सव-डिबिजन वन कार्यालयको कार्य क्षेत्रभित्र पर्ने बराहताल गा.पा. २ सुर्खेतको वाङ्गेताल राष्ट्रिय वन क्षेत्रमा आ.व. ०७७/०७८ मा उत्पादन भएको आपूर्ति फिर्ता काठ र राताडाडा राष्ट्रिय वनबाट आ.व. २०७८/०७९ उत्पादन भएको काठ बराहताल गा.पा. वडा नं. २ राताडाडा, सुर्खेतमा घाटगद्दी गरी राखेको तपशिल बमोजिमका जात, ग्रेड, थान र परिमाणका गोलिया लट नं. १ र २ को काठ, दाउरा लिलाम प्रक्रियाद्वारा बिक्री वितरण गर्नुपर्ने भएकाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशित भएको मितिले २१ औं दिन दिनको कार्यालय समयभित्र श्री प्रदेश कोष तथा लेखा नियन्त्रण कार्यालय, सुर्खेत वा श्री प्रदेश वन निर्देशनालय, कर्णाली प्रदेश सुर्खेत वा डिबिजन वन कार्यालय भेरी वावियाचौर, सुर्खेतबाट प्रत्येक लटको छुट्टाछुट्टै बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजेभित्र शिलबन्दी बोलपत्र श्री प्रदेश वन निर्देशनालय, कर्णाली प्रदेश सुर्खेत वा डिबिजन वन कार्यालय भेरी वावियाचौर सुर्खेतमा दाखिला गर्न आह्वान गरिन्छ । काठ, दाउरा उठाई लैजाने अवस्थामा वन, ऐन, नियमावली र वन विभागको नीति तथा परिपत्र बमोजिम हुने छ । यस सम्बन्धी विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**तपशिल**

| सि.नं./ ल.त.नं | जात | ए ग्रेड थान | ए ग्रेड क्यु.फि | बि ग्रेड थान | बि ग्रेड क्यु.फि | सि ग्रेड थान | सि ग्रेड क्यु.फि | जम्मा थान | जम्मा क्यु.फि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १/१ | साल | २२ | ३८७.२६ | १०१ | ९४७.८२ | ४९ | २७७.०१ | १७२ | १६१२.०९ | राताडाडा राष्ट्रिय वन |
| | जम्मा | | | | | | | १७२ | १६१२.०९ | |
| २/३ | साल | २५ | ४८८.९५ | ७२ | ६९९.८८ | २५ | ११९.०५ | १२२ | १३०७.८८ | वाङ्गेताल राष्ट्रिय वन (आपूर्ति फिर्ता) |
| | असना | | | ३ | ३३.२२ | | | ३ | ३३.२२ | |
| | जम्मा | | | | | | | १२५ | १३४१.१० | |

## साउदीमा रोजगारको अवसर | कम्पनी: HAZAA MOHAMMED HAZAA OMAR CAR SERVICES EST शहर: HAFAR AL BATIN

पूर्व स्वीकृत मितिः २०७९/०३/१५ चलानी नं.: ६०१८२१२५ L.T. No.: 266030 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lubricated And Lubricated Vehicles | 5 | 0 | स. काममा दक्ष | 1200 | ४०,७२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ भदौ ३१ गते (16 Sept. 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल-जाफर ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ३१८/०५९/०६०
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२
Email : info.alzafarnepal@gmail.com, Web.: www.alzafarnepal.com

## कतारमा रोजगारको अवसर | कम्पनी: VENUS CONSTRUCTION शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०५/२३ चलानी नं.: ६०१८७३२२ LT. No.: 271228

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 20 | 0 | स. काममा दक्ष | 1000 | ३४,८७० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | २ वर्ष |
| 2. | PLASTER WORKER | 20 | 0 | | 1100 | ३८,३५७ | | | | | | |

